केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/८/०७७/७८

मितिः २०७८/०२/११

**इजाजतपत्रप्राप्त "घ"वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

**(देव कुमार ढकाल)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ

# नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०७७ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

| क्र.सं. | विद्यमान निर्देशन | संशोधित निर्देशन |
|---|---|---|
| १. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.६/०७७ को बुँदा १४ को उपबुँदा (आ) को खण्ड (क) को उपखण्ड (३) मा संशोधन । | प्रत्यक्ष अनुदान खर्च : अति विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा हुने खर्च व्यहोरिदिने गरी हुने प्रत्यक्ष अनुदान खर्च वा त्यस्ता क्षेत्रमा संलग्न तथा क्रियाशिल संस्थाहरुको भौतिक संरचना निर्माण, साधन खरिद सञ्चालन खर्च आदिमा दिइने प्रत्यक्ष अनुदान खर्च । | प्रत्यक्ष अनुदान खर्च : **राष्ट्रिय महत्वका आविष्कार केन्द्र, मानव सेवा जस्ता परोपकारी कार्य गर्ने एवं अति विपन्न वर्गका लागि शिक्षा तथा स्वास्थ्यमा क्रियाशील संस्थालाई लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको रकम । सम्बन्धित संस्थाले प्राप्त गरेको उक्त रकम जीवन रक्षा, सार्वजनिक हित वा परोपकारी कार्यमा खर्च भएको प्रमाणित विवरण लघुवित्त वित्तीय संस्थाले प्राप्त गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।** |
| २. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.६/०७७ को बुँदा १४ को उपबुँदा (आ) को खण्ड (क) को उपखण्ड(७) मा संशोधन । | **संस्थामा कार्यरत कर्मचारीको लागि कोभिड १९ जस्ता महामारीजन्य रोगबाट सुरक्षित राख्न,रोकथाम गर्न तथा उपचार गर्दा लाग्ने (वास्तविक बिल बमोजिमको) खर्च ।** | **महामारीको हालको विषम परिस्थितिलाई दृष्टिगत गरी संस्थाले अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, जीवन रक्षक भ्याक्सिन, औषधी आदिको सहज आपूर्तिको लागि प्रत्यक्ष रुपमा गरेको खर्च एवं संस्थामा** कार्यरत कर्मचारीको लागि कोभिड-१९ जस्ता महामारीजन्य रोगबाट सुरक्षित राख्न, रोकथाम गर्न तथा उपचार गर्दा लाग्ने (वास्तविक बिल बमोजिमको) खर्च । |
| ३. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.६/०७७ को बुँदा १४ को उपबुँदा (आ) को खण्ड (घ) मा संशोधन । | संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषय (जस्तैः शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफ्नो कार्यक्षेत्रभित्रका सवै भौगोलिक क्षेत्र तथा विषयहरुमा न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ । | संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्दा एकै भौगोलिक क्षेत्र तथा विषय (जस्तैः शिक्षा, स्वास्थ्य आदि) मा मात्र सीमित नभई आफ्नो कार्यक्षेत्रभित्रका **भौगोलिक क्षेत्रमा जीवन रक्षा, सार्वजनिक हित तथा परोपकारी कार्यलाई प्राथमिकतामा राखी** न्यायोचित ढङ्गले खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ । |
| ४. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.१४/०७७ को बुँदा १ मा प्रतिबन्धात्मक | लघु वित्त वित्तीय संस्थाले आफ्ना सदस्यहरुबाट संकलित बचतमा दिने र कर्जामा लिने ब्याजदर, ब्याज गणना विधि, हर्जाना लगाउने विधि, सेवा शुल्क र कमिशन दर लघु वित्त वित्तीय संस्थाले निर्णय गराई लागू गर्नु पर्नेछ । लघु वित्त वित्तीय संस्थाले निक्षेपमा प्रदान गर्ने प्रकाशित | लघु वित्त वित्तीय संस्थाले आफ्ना सदस्यहरुबाट संकलित बचतमा दिने र कर्जामा लिने ब्याजदर, ब्याज गणना विधि, हर्जाना लगाउने विधि, सेवा शुल्क र कमिशन दर लघु वित्त वित्तीय संस्थाले निर्णय गराई लागू गर्नु पर्नेछ । लघु वित्त वित्तीय संस्थाले निक्षेपमा प्रदान गर्ने प्रकाशित |

# नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०७७ मा संशोधन/परिमार्जन तथा थप व्यवस्था सम्बन्धमा

| क.सं. | विद्यमान निर्देशन | संशोधित निर्देशन |
|---|---|---|
| वाक्यांशमा संशोधन । | ब्याजदरमा ०.५ प्रतिशत बिन्दुसम्म बढाउन सक्नेछन् भने कर्जाको ब्याजदरको हकमा प्रकाशित ब्याजदरभन्दा बढी दर कायम गर्न पाइने छैन । लघु वित्त वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा प्रशासनिक सेवा शुल्क, ब्याज र हर्जाना व्याज बाहेक कर्जासँग सम्बन्धित अन्य कुनै पनि रकम लिन पाईने छैन । तर, आफ्ना ग्राहकहरुका लागि कर्जा सूचना केन्द्र लिमिटेड जस्ता अन्य संस्था/निकाय मार्फत सेवा लिने सन्दर्भमा सो सेवा वापत त्यस्ता संस्था/निकायहरुलाई भुक्तानी गर्नुपर्ने लागतसम्म मात्र सेवा शुल्क असुल गर्न भने यो व्यवस्थाले वाधा पारेको मानिने छैन । | ब्याजदरमा ०.५ प्रतिशत बिन्दुसम्म बढाउन सक्नेछन्भने कर्जाको ब्याजदरको हकमा प्रकाशित ब्याजदरभन्दा बढी दर कायम गर्न पाइने छैन । लघु वित्त वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा प्रशासनिक सेवा शुल्क, ब्याज र हर्जाना व्याज बाहेक कर्जासँग सम्बन्धित अन्य कुनै पनि रकम लिन पाईने छैन ।<br>तर,<br>(क) आफ्ना ग्राहकहरुका लागि कर्जा सूचना केन्द्र लिमिटेड जस्ता अन्य संस्था/निकाय मार्फत सेवा लिने सन्दर्भमा सो सेवा वापत त्यस्ता संस्था/निकायहरुलाई भुक्तानी गर्नुपर्ने लागतसम्म मात्र सेवा शुल्क असुल गर्न भने यो व्यवस्थाले वाधा पारेको मानिने छैन ।<br>**(ख) तर, कोभिड-१९ संक्रमण न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञा अवधिभर र सो अवधि समाप्त भएको ७ दिनसम्म संस्थाहरुले ग्राहकबाट कर्जा असुलीमा कुनैपनि प्रकारको पेनाल्टी वा अतिरिक्त शुल्क लिन पाइने छैन ।** |
| ५. एकीकृत निर्देशन, २०७७ को इ.प्रा. निर्देशन नं.२०/०७७ को बुँदा १४ थप गरी क्रमसंख्या मिलान । | हाल नभएको | **कोभिड-१९ संक्रमण न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञा अवधिको लागि विशेष व्यवस्था**<br>**(क) निषेधाज्ञा अवधिभर र सो अवधि समाप्त भएको एक महिनासम्म संस्थाले कुनै पनि प्रकारको असुलीसम्बन्धी सूचना वा लिलामीसम्बन्धी सूचना जारी गर्न पाइने छैन ।**<br>**(ख) संस्थाले निषेधाज्ञाको अवधिमा कर्जाको किस्ता वा व्याज भुक्तानी गरी विश्वसनीयता कायम गर्नसक्ने ग्राहकलाई प्रोत्साहनस्वरुप ब्याजदर वा ब्याज रकममा छुट प्रदान गर्न सक्नेछन् । सञ्चालक समितिले यस्तो छुटसम्बन्धी व्यवस्थाको निर्णय गरी वेबसाइटमा सार्वजनिक गरी पारदर्शी ढंगले लागू गर्नुपर्नेछ ।** |